नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७

चलानी .नः २१

मितिः- २०७६/०४/०३

श्रीमान् सचिव ज्यू,

सबै मन्त्रालय/आयोग/प्राधिकरण/सचिवालय/कार्यालय।

विषयः- निर्देशन सम्वन्धमा।

श्रीमान् मुख्य सचिव ज्यूवाट कार्य सम्पादन मूल्याकंनलाई सम्पादित कामसँग आवद्ध गरी मूल्यांकन गर्ने सम्वन्धमा निर्देशन जारी भएको च.नं. मु.स. २/९३५७ मिति २०७६/०३/०२ को पत्र यसैसाथ संलग्न छ । सोही बमोजिम कार्य सम्पादन मूल्यांकन गर्ने/गराउने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

(रुद्रसिंह तामाङ)

सह-सचिव

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन ।

मुख्य सचिव

सचिवालय

काठमाडौं

प० ५०।५८९३५८

२ असार, २०७

विषयः कार्यसम्पादन मूल्याङ्कनलाई सम्पादित कामसँग आवद्ध गरी मूल्याङ्कन गर्ने सम्बन्धमा ।

श्री सचिव,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

कार्यालयको कार्यसम्पादनस्तर कमजोर रहँदा समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको अङ्क उच्च रहने विरोधाभाषपूर्ण अवस्थालाई अन्त्य गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अवलम्बन गर्ने नेपाल सरकारको नीति रहेको छ । निजामती सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्ने सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ७८ग. को उपनियम (१) मा रहेको कार्यसम्पादन मूल्याङ्कनका आधारहरुबारे यहाँलाई अवगत नै छ । निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ एवम् यथार्थपरक बनाइ तोकिएको लक्ष्य हासिल गर्न निजामती सेवा नियमावलीको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुका साथै देहायँ बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।

१) कार्यसम्पादन सम्झौता गरेका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सो सम्झौतामा उल्लिखित लक्ष्य र त्यसमा हासिल भएको प्रगति, कार्यालयको समग्र कार्य सम्पादनको स्तर तथा कार्यविवरणलाई आधार लिई कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

२) कार्यसम्पादन सम्झौता नगरिएको तर वार्षिक लक्ष्य तोकिएको हकमा उक्त निकायमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा निजको कार्यविवरण, चालु आ.व. को लागि निर्धारित लक्ष्य र त्यसको प्रगति समेत तुलना गरी कार्यसम्पादन मूल्याङ्कन गर्ने ।

३) कार्यसम्पादन मूल्याङ्कन गर्दा संगठनको समग्र कार्य सम्पादनको अवस्था, सेवा प्रवाहमा गरिएको सुधार, कुनै नवप्रवर्तनीय काम गरेको भए सोको प्रगति, पूँजीगत खर्च लगायत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था, भौतिक उपलब्धि, बेरुजु फछर्योट र वित्तीय अनुशासन तथा गत वर्षको तुलनामा हासिल भएको प्रगति समेतलाई आधार लिने ।

मुख्य सचिव

काठमाडौं

४) कार्यसम्पादन मूल्याङ्कन गर्दा उल्लिखित विषयवस्तुलाई आधार लिए/नलिएको सम्बन्ध सुपरिवेक्षकको मूल्याङ्कनलाई पुनरावलोकनकर्ता तथा पुनरावलोकनकर्ताको मूल्याङ्कनल पुनरावलोकन समिति वा सम्बन्धित माथिल्लो अधिकारीले अनुगमन गर्ने ।

५) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम (३) को व्यवस्था बमोजिम गर्ने ।

६) निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम (४) अनुसारव पुनरावलोकन समितिबाट राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्क गर्दा उपर्युक्त विषयवस्तुलाई आधार लिइने ।

(लोकदर्शन रेग्मी)